वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ, क्लिभर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १६८ ○श्रेणी 'क' ○२०७२ चैत्र १० गते बुधबार ○ 23 March 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा,पोखरा-११
फोन:०६१-५२०४७२, ४८५६०२५४७२,४८१३७४४२७७

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतबन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

होलीमा रम्यो पोखरा

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ चैत्र ।

रंगहरुको पर्व होली पोखरा घुम्न आएका विदेशी पर्यटकले पनि धुमधामको साथ मनाएका छन् । पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाईडमा एकै ठाउंमा जम्मा भएर एक आपसमा रंग दल्दै विदेशीले नेपालीहरुसंग आत्मीयता साटेका छन् । रेष्टुरेण्ट एण्ड बार एसोसिएसन रेवान पोखराले होली पर्वको बेला पोखरा आएका पर्यटकलाई एकै ठाउंमा जम्मा गरेर यसरी होली खेल्ने चाजोपाजो मिलाउछ । विगतमा जस्तै यो वर्ष आयोजित होली फेष्टिवलमा विदेशी पर्यटकको सहभागिता उल्लेख्य थियो । होलीको रंगमा रंगिएका कतिपय पर्यटक अधिल्ला वर्षपनि सहभागि भिए भने अधिकांश पर्यटक पहिलो पटक यसरी रंगिएका थिए ।

अमेरिकावाट पोखरा घुम्न आएका जोडीले होलीको रंगमा पहिलोपटक रंगिदा निकै खुसी लाग्नुको साथै अनौठो चाडको रुपमा अनुभव सुनाए । एक आपसमा रंग दलेर आत्मीयता साटासाट गर्ने पर्वको रुपमा होलीलाई लिइन्छ । नेपाल घुम्न आएका विदेशीसँगको यो आत्मीयतासहित पोखरा सहित समग्र नेपालको पर्यटन प्रवर्द्धन हुनेमा पर्यटन व्यवसायी ढुक्क छन् ।

नेपाल सरकारद्वारा गठित राष्ट्रिय पर्यटन प्रवर्द्धन समितिका सदस्य गोविन्दराज पहारीले नेपाली चाडपर्वमा विदेशी सहभागिता बढ्दै जादा पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने बताए ।

रेवान पोखराले वर्षेनी आयोजना गर्दै आएको होली फेष्टिवलमा विदेशी पर्यटकको सहभागिता पनि बढ्दै गएको छ । भूकम्प र नाकाबन्दीको कारण पर्यटक आगमनमा कमी भएको अभाव भैरहेका बेला होली फेष्टिवलमा पर्यटकको सहभागिता देखेर थप उर्जा पलाएको आयोजक संस्थाका अध्यक्ष गोपीचन्द्रादुर भट्टराईले बताए । नेपाली कला संस्कृतिको माध्यमबाट पर्यटन प्रवर्द्धनको लागि पोखरेली पर्यटन व्यवसायीले पस्नेरी विदेशी पर्यटकको सहभागितामा मुख्य चाडपर्व मनाउँदै आएका छन् ।

ह्याप्पी होली, ह्याड्ड्यु अेली

होली पर्व मनाइरहँदा पोखरेलीले एक आपसमा हयापी होलीमात्र भनेन ह्याड्ड्यु अेली पनि भने । विशेषगरि पोखरेली र समग्र पश्चिमाञ्चल वासीको सपनाको रुपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि केपी शर्मा ओली नेतृत्वको सरकारले चीनसँग गरेको ऋण सम्झौताले थप खुसी तुल्याएको छ । चीनसँग सोमवार माञ्च ऋण सम्झौता भएको र मंगलवार परेको होलीलाई पोखरेलीले एकसैसाथ खुसी आपसमा साटेका हुन् । उनीहरुले होलीमा शुभकामना दिदै ओलीलाई बधाई दिएका थिए । लेकसाइडको कार्यक्रममा भेटिएका पर्यटन व्यवसायी सुर्य भुजेलले भने - 'पोखरेलीको सपना साकार भएको छ, विमानस्थल निर्माणका लागि ऋण सम्झौता भएको छ, यो हाम्रो लागि अत्यन्त खुसीको कुरा हो ।' उनले थपे -'यो होलीको खुसीमा हामी सबैलाई ह्याप्पी होली र ह्याड्यु ओली भन्छौ ।' त्यस्तै अर्का पर्यटन व्यवसायी गोविन्द राज पहारीले पनि होलीको अवसरमा विमानस्थलको ऋण सम्झौता भएको खुशीयाली भन्दै ह्याप्पी होली ह्याड्यु ओली भन्दै थिए । पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि ऋण सम्झौता भएसँगै यहाँका पर्यटन व्यवसायी, पोखरा उद्योग वाणिज्य संघ, निजी क्षेत्र लगायत सरोकारवालाहरुले सम्झौताको स्वागत गर्दै सरकारलाई धन्यवाद दिएका छन् ।

अवाबसँग होली : अरोरावलिय भुशील जिल्ला कमिटी कास्कीले यस अरोरावलियका विभिन्न वडाका होली मनाएका छन् । पोखरा-१६ बाटुले चौरमा रहेको अनपूर्ण आत्म निर्भर बाल आश्रमका बालबालिकाहरुलाई स्टेशनरी सामग्री हस्तान्तरण गर्दै कमिटीले यसपालीको होली मनाएको हो । कार्यक्रममा होलीको शुभकामना दिदै अनेरास्ववियुका केन्द्रिय उपाध्यक्ष रश्मी आचार्यले अनेरास्ववियुले उठाउने मुद्दा बालबालिकाको लागि भएको भन्दै अब अनेरास्ववियुले प्रत्येक जिल्लाबाट एक जना विपन्न बालबालिकालाई दश कक्षा सम्म निशुल्क पढाउने अभियान चलाएको बताए ।

उनले अनेरास्ववियुले स्थापना देखी नै विद्यार्थीको हितका लागी लड्दै आएको भन्दै अझ धेरै शैक्षिक मुद्दालाई उठाएर अनेरास्ववियु देशकै ठूलो नेता बनाए । कार्यक्रममा वोन्दै अनेरास्ववियु भुगोल जिल्ला कमिटीका अध्यक्ष शेखर गौतमले अनाथ बालबालिका पनि हाम्रै समाजको हिस्सा भएको भन्दै आफूले सक्दो सहयोग गरि होली मनाएको बताए । त्यस्तै आश्रमको तर्फबाट बोल्दै आश्रमकी कर्मचारी चन्द्रा थापाले यहाका बालबालिकामा आफै गरै र सक्षम बनै भन्ने मान्यतामा अगाडि बढेको भन्दै आश्रममाथ बालबालिकाले सैद्धान्तिक मात्र नभई व्यवहारिक ज्ञान पनि पाउने बताइन । कार्यक्रममा अरोरास्ववियुले करिब आठ हजार बराबरको स्टेसनरी सामाग्री आश्रममाई प्रदान गरेका थिए ।

४० जना पछाउ : पोखरामा होली खेल्ने क्रममा जथाभावी गर्ने ४० जनालाई कास्की प्रहरीले नियन्त्रणमा लिएको छ । पकाउ पर्नेमा ३५ पुरुष र पाँच महिला छन् । रंगहरुको पर्व होली मनाउने क्रममा मादक पदार्थ सेवन गरी हो हल्ला गर्ने, जथाभावी रंग दल्दै हिड्ने, लोला हान्ने, उच्छृङ्खल गतिविधि गर्नेलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । कास्कीका विभिन्न स्थानबाट उनीहरुलाई नियन्त्रणमा लिइएको हो । पकाउ गरिएका व्यक्तिहरु उपर छानविन भइरहेको कास्की प्रहरीले जनाएको छ ।

यसैगरी पोखराका विभिन्न क्षेत्रमा क्रियाशिल महिलाहरुले एकसाथ होली मनाएका छन् । सामाजिक जागरणका लागि नारी अभियान पोखराले विकृतिलाई हटाउँ, संस्कृतिलाई जोगाउँदै सभ्य समाज निर्माण गरौं भन्ने उद्घोषका साथ होली मनाएको हो । पत्रकार, अधिकारकर्मी, विभिन्न राजनीतिक दलका नेता, उद्यमी, इञ्जिनीयर, समाजसेवी, आमा समूह टोल विकास संस्थाका प्रतिनिधिहरु, ब्युटिसिएन, लगायतका सबै क्षेत्रका महीलाहरु एकै स्थानमा भेला भएर पहीलो पटक पोखरामा होली मनाएका हुन् । कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुष्मा पौडेलले हरेक धर्म संस्कृति र संस्काराका विकृति विसर्गति हटाउनुपर्नेमा जोड दिइन । कार्यक्रममा सयोजक अञ्जु केसी, सह-सयोजक ममता गुरुङ र उर्मिला पौडेलले पनि बोलेका थिए ।

पोखरामा के-के गरे ह्यारीले ?

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ चैत्र ।

नेपालको पाँच दिन भ्रमणमा रहेका बेलायती राजकुमार हेनरी चार्ल्स अल्बर्ट डेविड ह्यारी मंगलवार पोखराको भ्रमण सकेर काठमाडौं फर्किएका छन् । पोखराको दीपमा रहेको बटिस क्याम्पमा आयोजित एक कार्यक्रम र गोर्खा म्युजियमको अवलोकन गरेपछि डेविड ह्यारी काडमाडौं फर्किएका हुन् । अपरान्ह ११ बजेर १० मिनेट जाँदा बटिस क्याम्प पसेका ह्यारीले क्याम्पभित्र भण्डै चार घण्टा बिताएका थिए । ह्यारीले सो अवधिमा भूतपूर्व गोर्खा सैनिकका उच्च तहका व्यक्तिसंग परामर्श गरेको बुझिएको छ । त्यसैगरी उनले लाहुरे डोको रेस अवलोकन गरेको पनि बताईएको छ । बटिस क्याम्पमा पुगे लाहुरेका उच्च व्यक्ति र डोकोरेस प्रदर्शन गर्ने युवाहरुलाई ह्यारी आउन अगाडि नै क्याम्पमा छिरिईएको थियो ।

उनी दिउसो ३ बजे क्याम्पबाट निस्केका थिए । सोमबार लम्जुङको गौंडा गाविस स्थित लेउरीगाँमा बास बसेका ह्यारी नेपाली सेनाका विषेश हेलिकोप्टर मार्फत मंगलवार बिहान ठिक पौने ११ बजे पोखरा विमानस्थलमा अवतरण गरेका थिए । पोखरा विमानस्थलमा अवतरण भएसी ह्यारी सिधै बटिस क्याम्पका गाडी प्रयोग गर्दै पोखराको दीपमा रहेको क्याम्पमा पुगेका थिए । पोखरामा बेलायती राजकुमार आउने भएपछि कास्कीको सुरक्षा व्यवस्था कडा पारिएको थियो । कडा सुरक्षाका साथ क्याम्प पसेका ह्यारी कडा सुरक्षाका बीच विमानस्थल पुगेका थिए ।

नेपाल र बेलायत बीच कूटनीतिक सम्बन्ध स्थापना भएको २ सयौं वर्ष गाँठो अवसर पारेर बेलायतकी महारानीका प्रतिनिधीको रुपमा ह्यारी नेपालमा आएका थिए । ह्यारीले पाँच दिनको नेपाल बसाईमा काभ्रे, वर्दिया राष्ट्रिय निकुञ्ज, लम्जुङको होमस्टे र पोखराको बटिस क्याम्प र गोर्खा म्युजियम अवलोकन गरेर फर्किएका छन् ।

पोखरामा बेलायती राजकुमार हेनरी चार्ल्स अल्बर्ट डेभिडसँगको प्रत्यक्ष भलाकुसारीबाट अफगानिस्तानको युद्धमा वीरगति प्राप्त गर्ने गोर्खा सैनिकका परिवारजन हर्षित भएका छन् । लामाचौरिस्थत 'गोर्खा ब्रिटिस क्याम्प' पुगेर अफगानिस्तानमा मारिएका बेलायती गोर्खाली सेनाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै ह्यारीले गोर्खा सैनिकका परिवारजनसँग भलाकुसारी गरेका थिए । अफगानिस्तानको युद्धमा आफ्नो छोरा गुमाएकी उदयपुरकी रेनुका राईले राजकुमार ह्यारीसँग प्रत्यक्ष भेटन पाउँदा आफू निकै हर्षित बनेको बताए । अफगानिस्तानको युद्धमा आफ्नो छोरा रेमन्द खुलुन्द राईको ज्यान गुमाएको बताउँदै उनले ह्यारीसँगको भेटमा आफूले सो कुरा अवगत गराएका थिए ।

"छोराको मृत्युपछि बेहारी अकैसँग विवाह गरेका कारण आफ्नो छोरासँग पाएकी भेटबार्ता आमाका नाताले आफूले नै राख्न पाउनुपर्ने र निवृत्तिभरणको अधिकार पनि आफूले पाउनुपर्ने जस्ता विषयमा विन्तीपत्र चढाएको छु," राईले भने । अफगान युद्धमा ज्यान गुमाएका खोटाङ निवासी युवराज राईका ७५ वर्षीय खड्गबहादुर राई पनि ह्यारीसँग प्रत्यक्ष भेट गर्न पाउँदा निकै खुसी भए । बेलायती राजकुमार आउने भएपछि कास्कीको सुरक्षा व्यवस्था कडा पारिएको थियो । कडा सुरक्षाका साथ क्याम्प पसेका ह्यारी कडा सुरक्षाका बीच विमानस्थल पुगेका थिए ।

भेटमा राजकुमार ह्यारीले गोर्खा सैनिकका परिवारका सदस्यको दिनचर्यालगायत विषयमा चासो दिएर जानकारी लिएका थिए ।

अफगानिस्तानमा ११ गोर्खा सैनिकले वीरगति प्राप्त गरेका थिए । वीरगति प्राप्त गर्नेमा युवराज राई, कृष्णप्रसाद दुरा, कुमार पुन, अर्जुन पुन, रेमन्द खुलुङ, इश्वर गुरुङ, सुरज गुरुङ, सुरज लिम्बु, सचिन लिम्बु, गजेन्द्र गुरुङ र सिद्धार्थ गुरुङ थिए । ह्यारीलाई भेटने ९३ वर्षीय कर्णेल जेपी कसले ३५ वर्ष अघि ह्यारीका बुवाको नेपाल भ्रमणको 'कमाण्डिङ' गरेको स्मरण गर्दै साढे तीन दशकपछि राजकुमारलाई भेटन पाउँदा आफूलाई खुसी लागेको सुनाए ।

आफूले लेखेको एक पुस्तक राजकुमार ह्यारीलाई दिनसमेत नातासे आफूले नै राख्न पाउनुपर्ने र निवृत्तिभरणको अधिकार पनि आफूले पाउनुपर्ने जस्ता विषयमा विन्तीपत्र चढाएको छु," राईले भने । अफगान युद्धमा ज्यान गुमाएका खोटाङ निवासी युवराज राईका ७५ वर्षीय खड्गबहादुर राई पनि ह्यारीसँग प्रत्यक्ष भेट गर्न पाउँदा निकै खुसी भए । बेलायती राजकुमार आउने भएपछि कास्कीको सुरक्षा व्यवस्था कडा पारिएको थियो । कडा सुरक्षाका साथ क्याम्प पसेका ह्यारी कडा सुरक्षाका बीच विमानस्थल पुगेका थिए ।

भेटमा राजकुमार ह्यारीले गोर्खा सैनिकका परिवारका सदस्यको दिनचर्यालगायत विषयमा चासो दिएर जानकारी लिएका थिए ।

अफगानिस्तानमा ११ गोर्खा सैनिकले वीरगति प्राप्त गरेका थिए । वीरगति प्राप्त गर्नेमा युवराज राई, कृष्णप्रसाद दुरा, कुमार पुन, अर्जुन पुन, रेमन्द खुलुङ, इश्वर गुरुङ, सुरज गुरुङ, सुरज लिम्बु, सचिन लिम्बु, गजेन्द्र गुरुङ र सिद्धार्थ गुरुङ थिए । ह्यारीलाई भेटने ९३ वर्षीय कर्णेल जेपी कसले ३५ वर्ष अघि ह्यारीका बुवाको नेपाल भ्रमणको 'कमाण्डिङ' गरेको स्मरण गर्दै साढे तीन दशकपछि राजकुमारलाई भेटन पाउँदा आफूलाई खुसी लागेको सुनाए ।

आफूले लेखेको एक पुस्तक राजकुमार ह्यारीलाई दिनसमेत नातासे आफूले नै राख्न पाउनुपर्ने र निवृत्तिभरणको अधिकार पनि ह्याएको उल्लेख गर्दै उनले भने,- "ह्यारी त अस्सी र ठूलो जीउको हुनुहुँदो रहेछ ।" ह्यारीलाई भेटेका राजकुमार आफै अफगानिस्तानमा युद्धमा ज्यान गुमाए

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय ...

उपभोक्तालाई सुविधा देउ

नेपालको संविधान आफ् अनुकुल जारी नभएको भन्दै दक्षिणको छिमेकी भारतले लगाएको अघोषित नाकाबन्दीबाट आक्रान्त बनेको नेपालीको जनजीवन लामो समयपछि तंग्रिन थालेको छ। नाकाबन्दी लगाए नेपालको दानापानी गरेका भारतको योजना भारतीय नागरिकले नै असफल पारिदिए। भारतको योजना असफल भएपछि लामो समयपछि नेपालीको जनजीवन सामान्य बन्दै गएको छ। भारतीय नाकाबन्दीको बेला नेपालका व्यवसायीले जुन भूमिका निभाउनु पर्थ्यो । त्यो अभिभारावाट व्यवसायीहरु चुक्न पुगे। व्यवसायीहरुले मानवीय संवेदना र देशको स्वाधिनतालाई भुलेर कालोबजारीलाई पक्षपोषण गरी रातारात करोडपति बन्न पुगे। व्यवसायीले कहिल्यै उपभोक्ताको हितमा काम गरेनन्। व्यवसायीले कालोबजारी गरेर उपभोक्ता अधिकारलाई पुरै वेवास्ता गरे । उपभोक्ता अधिकारवादी र केवल प्रेस विज्ञप्तीमा सीमित हुँदा उपभोक्ताले चर्को मूल्यमा खाद्यन्न र इन्धन खरिद गर्न विवश बने। कालोबजारीका कारण नेपाली जनता आक्रान्त बनिरहेका बेला नेपालमा मंगलवार विश्व उपभोक्ता दिवस मनाईएको छ। उपभोक्ता दिनप्रतिदिन अभाव र ठगीको मारमा पर्रिरहेका बेला विश्व उपभोक्ता दिवस मनाउनुको सार्थकता यसपालि पनि औपचारिक कार्यक्रममा सीमित भएको छ। उपभोक्ताको हितका पक्षमा केवल ज्याली र चर्का भाषणा मात्र गरियो। कालोबजारी गर्ने व्यवसायीलाई कानुनी दायरामा ल्याएको कहिँकतै पनि सुन्न पाईएन। नेपालमा उपभोक्ता हित दिवस मनाईरहँदा उपभोक्ताले भने अभाव र ठगीको सामना गर्न बाध्य हुनुपऱ्यो । सरकारलाई चुनौति दिँदै विराट आयलले निष्फिक्री चर्को मूल्यमा पेट्रोलियम पदार्थ विक्री गरिरहँदा जब विद्यार्थी आन्दोलित बने तबमात्र निगमको मूल्यमा विक्री गर्न थालियो । सरकारलाई चुनौती दिई इन्धनमा कालोबजारी भईरहँदा पनि सरकार मुकदर्शक बन्नु लाजमदीं विषय हो । अझैपनि व्यवसायीहरुले कालोबजारी गर्दै ग्यास धमाधम विक्री गरिरहेका छन् तर, सर्वसाधारण उपभोक्ता पहुँच त्यहिसम्म पुग्न सकेको छैन । खुलेआम चर्को मूल्यमा इन्धन विक्री भईरहेको छ । तर, सरकारले कालोबजार कहिल्यै पनि देख्दैनन् । र देख्न पनि चाहँदैन । यस्तो विकरास अवस्थामा उपभोक्ताको अधिकार सुनिश्चित हुनसक्न ? कालोबजारी नियन्त्रण गर्न राज्य र नियमनकारी निकायहरु असफल भइरहँदा ठगी गर्ने गिरोहको संजाल फैलँदै गएको छ । उपभोक्ताको हक अधिकार संरक्षणके लागि भनेर गठन भएका उपभोक्तावादी संस्थाहरुको काम समेत प्रभावकारी देखिएको छैन। राज्यका संगठनहरुले व्यवसायीको पृष्ठपोषण गरेका कारण उपभोक्ता व्यवसायीवाट ठगिरहेको छन्। उपभोक्ताको हितमा ऐन भएपनि कार्यान्वयन पक्ष फितलो हुँदा उपभोक्ता कालोबजारीको चंगुलमा फस्न विवश छन् । उपभोक्ताको हितलाई संरक्षण गर्नको लागि राज्य समयमै सजग हुन जरुरी छ । अन्यथा, कालोबजारीले उपभोक्ताको हित अस्तव्यस्त नहोला भन्न सकिदैन । व्यवसायीले धमाधम कालोबजारी गरेपनि उपभोक्ता सचेत नहुँदा उपभोक्ता हितको संरक्षण कमजोर बन्दै गएको छ । सामानको खरिद गर्दा मूल्य नहेर्ने परिपाटी विकास हुँदा उपभोक्ता अधिकार शिथिल बनेको हो । अधोषित नाकाबन्दी खुलेको लामो समय भएको हुँदा उपभोक्ता स्वयम् सचेत बन्नुपर्छ । र, व्यवसायीले आफ्नो धर्म निभाएर उपभोक्तालाई सहज सुविधा दिनुपर्छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल चैत्र १० गते बुधबार, तदनुसार मार्च २२ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कौलकामाक्क संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनशुक्लपक्षको पूर्णिमा तिथि २६ घटि २१ पला अर्थात दिनमा ४ बजेर ३९ मिनेटसम्म त्यसउप्रान्त प्रतिपदा तिथि लाग्नेछ। आज सूर्य मीन राशिमा,चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३० घटि २४ पलाको रहनेछ आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि विहान ठीक ६ बजेर ०६ मिनेटमा तुरुवैव मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर १६ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशावाट घाटा हुन सक्ने, सामाजिक कार्यलेले गर्दा दिनभर चिन्ता पर्नेछ ।

वृष : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन्, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

मिथुन : मित्रहरुवाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ट रकम संकलन हुने, स्वाप्टिप्ट व्यञ्जन प्राप्त हुने ।

कर्कट : पुरानो कार्यवाट आम्दानीमा एकासि वृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

सिंह : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ ।

कन्या : आफ्नै पेशावाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

तुला : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रवाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपुर्ण रहनेछ ।

वृश्चिक : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब छ ।

धनु : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, साप्टी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला ।

मकर : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाइ घाटा हुनेछ ।

कुम्भ : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला ।

मीन : एककासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

शेरबहादुर चलाख, रामचन्द्र संकीर्ण, शशांक जन्मदै जर्नेल

दुर्गा सुवेदी

नेपाली कांग्रेसका पुराना नेता दुर्गा सुवेदीलाई गत शुक्रवार नयाँ शक्ति नेपालका संयोजक डा. बाबुराम भट्टराईले भेट्न बोलाएका थिए । सो भेटमा डा. भट्टराईले नयाँ शक्तिको सम्पानित नेता भएर बसिंदिन गरेको आग्रहलाई सुवेदीले अस्वीकार गरे । यद्यपि सुवेदीले नेपाली कांग्रेस परित्याग गरेको धेरै वर्ष बितिसकेको छ । विराटनगरका चर्चित कांग्रेस नेता सुवेदीलाई काठमाडौंको थापाथिम्स्थित उनकै निवासमा पुगेर हामीले कांग्रेस किन परित्याग गर्नुभयो भन्ने प्रश्न सोध्यौं । उनले वीपी कोइरालासँग कुटाकुट भएको स्मरण सुनाए । त्यसपछि हामीले शेरबहादुर देउवा, रामचन्द्र पौडेल र शशांक कोइरालाका बारेमा सोध्यौं, जसको जवाफ उनले यसरी दिए :

म भक्तपुर जेलमा हुँदा रामचन्द्र पौडेलसँग सँगै बसेको थिएँ । रामचन्द्र, शेरबहादुर देउवा, किसुनजी सबै सँगै थियौं । अनि केही ओली, मोहनचन्द्र अधिकारी पनि त्यहीं थिएँ । रामचन्द्र पौडेल कोही न कोहीसँग सैद्धान्तिक कुरामा बहस गरिरहथे । शेरबहादुर गाँजा खाएर बस्थे । हरिबोल भट्टराई र शेरबहादुरहरुको एउटा टिम थियो, एउटा कोठामा बस्ने गाँजा खाने । रामचन्द्र पौडेलचाहिं सिके पसाईं, मोहनचन्द्र अधिकारीहरुसँग छलफल गर्थे । बारम्बार उनी त्यहीं गर्थे, अको कुरा जान्दैनथे । सिके पसाईले किताब ल्याइदिनुहुन्थ्यो, उनी पढिरहन्थे । जेलमा म एक्लै न्यायको थिएँ, मैले उनीहरुसँगै 'डिस्कस' हुनुपर्थ्यो । मलाई सिके पसाईं, सरोज कोइरालाहरुले नुहाउने साबुन, तौलिया किनिदिन्थे ।

रामचन्द्रलाई मन्त्री नभएपछि चिन्तित

जेलमा रामचन्द्र पौडेललाई देख्दा मलाई के लाग्थ्यो भने संस्कृत पाठशाला पढेर आएका थिनी साँच्चै नै मिरियस छन् । र, यिनी जनताको मनमा वस्छन् भन्ने लागेको थियो । ०४६ सालको आन्दोलनसम्म पनि यिनै त्यसै गरी बोल्थे, व्यवहार गर्थे । तर, रामचन्द्र जब मन्त्री भए, त्यसपछि यिनले आफ्ना मान्छेलाई मात्रै भर्ती गर्न थाले । नेपालका मन्त्री भएनन्, तनहुँका मात्रै मन्त्री भए उनी ।

मैले एकदिन उहिलाई भनें, ओ रामचन्द्रजी, तपाईं यसरी तनहुँका मान्छेलाई मात्रै नोकरी दिएर तपाईंको इमेज बन्दैन । तपाईं मन्त्री हुँदा पूर्वको एउटा, पश्चिमको एउटा मान्छे पनि राख्नोस् न । ती मान्छेहरु तपाईलाई काम आउलान् । रामचन्द्र पौडेलजी सभाम्छ हुनुभो । सभामुख भएपछि लइ कोट लगाएर आउनु भो । लइ कोट लगाएको, भित्र टाई लगाएको, एकदमै भएर आउनुभो । मैले भनें, ए रामचन्द्रजी, यो त विदेशी ड्रेस हो । तपाईं सभाम्छ हुनुहुन्छ, सभामुखको आफ्नै प्रतिष्ठा हुन्छ । आफ्नै गरिमा हुन्छ, किन तपाईं यस्तो लगाएर हिँड्नुहुन्छ ? कि टोपी लगाउनोस्, कि दौरा सुरुवाल लगाउनोस् । पदमा रहुञ्जेल पदको हैसियतमा रहनोस् । मैले यो भनेपछि उहिले 'ल्या तपाईं खाली आदर्शको कुरा गर्नुहुन्छ, त्यसरी चन्दैन' भनुभयो । त्यसपछि मैले भनें-त्यसो भए अब तपाईंको पनि चन्दैन ।

किनभने घर बनाउन पनि कहीं न कहीं सैद्धान्तिक आधार हुन्छ, जीवन चलाउन पनि सैद्धान्तिक आधार हुन्छ । तपाईं जुन पृष्ठभूमिबाट आउनुभएको छ, त्यसैमा हिँड्नोस्, एउटा प्रतीक हुनुहुन्छ । कृष्णप्रसाद भट्टराई सरलताको प्रतीक भएर जानुभो । मनमोहन अधिकारीले प्रधानमन्त्री हुँदा बुढापाकालाई भत्ता दिएर प्रतीक बनेर गए । आफ्नो गाउँ आफै बनाऔं भने । गाउँका बुढापाकले अहिले पनि सम्झन्छन् मनमोहनलाई । यस्तो केही नगर्ने र खाली पदमा मात्रै बस्ने हो भने तपाईं केही गर्न सक्नुहुन्न ।

अब शेरबहादुरले राखी काम नगरेको अवस्थामा रामचन्द्र त्यसको विकल्प बन्न सक्छन् । देउवाले पार्टीलाई नयाँ उर्जा दिन सकेन्न भने रामचन्द्रको अर्को पनि एकपल्ट सम्भावना छ ।

शेरबहादुर चलाख छन्, तर 'जीड पार्टी' ले चिनिन्छ

शेरबहादुरको के छ भने उनी तेबिसघको महासचिव हुँदा देश घुमे । सबैले चिने । यसरी उनले जरा गाडे । रामचन्द्रलीले सकेनन् । देशभरिबाट मान्छेहरु टिन्पर्थ्यो नि । एउटा पनि त्यस्तो मान्छेलाई रामचन्द्रजीले सपोर्ट गरेनन् । उनले तनहुँवाहेक अरुतिरका मान्छे नै देखेनन् । शेरबहादुर केमा चलाख छन भने आफ्नो भलो हुनका लागि उनी जोसँग पनि तयार छन् । राजासँग पनि तयार छन्, जनतासँग पनि तयार छन् । आफ्नो भलाइ हुनुपर्यो, म चाँज्नु वा सभाइभ गर्छु भन्ने भने उनले कहीं पनि छाड्दैनन् । यस्तो डाइनामिक्स नेपालको फोहोरी राजनीतिमा काम लाग्छ । यहाँ जुन डर्टी पोलिटिक्स छ, यसमा शेरबहादुरै ठीक छन् ।

शेरबहादुरले अब पद पाइसकेपछि धेरै कुरा सोच्नुपर्छ । कांग्रेसको एउटा लिगेसी छ, भट्टराई छन्, गणेशमान छन्, अब त्यो परम्परालाई जोड्ने त्यस्तो नेता को हो ? शेरबहादुर हो कि होइन ? अब देखाउन सक्नुपर्छ । होइन भने अब कांग्रेस तहस-नहस हुन्छ । तर, देउवासँग यस्तो सोचाइ नै छैन । जोड पाटीले नै चिन्छ उनलाई । जहाँ गए पनि त्यही गर्छन् । जिल्लामा गयो भने त्यहीं जोड पार्टी गरिहाल्छन् । अहिले त्यो जमातको पार्टी हो नेपाली कांग्रेस । अहिले नेतृत्वमा आएको टीम त्यही हो ।

शशांक जर्नेलदेखि जर्नल शशांक लिगेसीबाट त आएका हुन् नि । वीपीको छोरा नभएको भए उनी यहाँ आइपुग्ने थिएनन् । जन्मदै जर्नेल । म जेलमा पर्दा वा पाटीको काम गर्दा शशांक डाक्टरी पढ्दै थिए । अहिले कांग्रेस कस्तो भइसकेको छ भने सत्तामा हुँदा ८१९० हजार मान्छेले दलाली काम गरेर खाएका थिए ।

कर्मचारीलाई सरुवा गरिदिन्छु भन्यो, पाँच हजार रुपैयाँ लियो, कसैलाई सरुवा रोकिदिन्छु भनेर पाँच हजार रुपैयाँ लियो । यसै गरेर बसेका थिए मान्छे यहाँ । ती कांग्रेसका कार्यकर्ताहरु हुन् । तिनीहरु सत्ताविना रन्थनिएका छन्, छटपटिइराखेका छन् । अहिले तिनीहरुलाई सत्ता चाहिएको छ । अनि तिनीहरुकै पैसरले नेपाली कांग्रेस सत्तामा जान्छ । जान्छ जान्छ, तिनीहरुकै पैसरबाट जान्छ ।

जस्तो राजतन्त्रको लिगेसी छ, कांग्रेस पनि प्रजातन्त्रको लिगेसी त हो नि । कांग्रेस हुनका लागि कसैलाई सम्झाउनुपर्दैन । यसको थ्यौरी पनि आवश्यक पर्दैन । तर, अहिले आदर्श हैन, अर्थमा गयो कांग्रेस । अहिले वृध कांगटीचाट आउनका लागि ५ लाख । जिल्ला समितिको सदस्य बन्नका लागि १५ लाख । अनि कुन वर्ग आउँछ कांग्रेसमा ? को आयो पाटीको नेतृत्वमा भन्दा त्यहांको शोषक फटाहा र जाली आउने भयो । कि तस्कर आउने भयो । अरुसँग पैसा छैन । पैसा त कि तस्करसँग हुन्छ, कि शोषकसँग हुन्छ । ती मान्छेमात्रै आउँछन् ।

आदर्शले चुनाव जितदैन कांग्रेसले । कुनै प्रचार पनि गर्नुपर्दैन, किन्ने हो । मत किन्ने, मत बेच्ने । पाटीको तलदेखि माथिसम्म नै 'पोलटेड' भएर आयो । 'पोलटेड' भइसकेपछि त्यसैले अन्तिम निर्णय निकाल्छ, त्यो खत्तमै भएर जान्छ । तर, यो भोट प्याटर्न धेरै दिन चल्दैन । अहिले पार्टीलाई नयाँ उर्जा दिनुपर्ने आवश्यकता छ । नेपाली कांग्रेसले आदर्शको राजनीति छाडेको छ ।

वीपीले मलाई बुझे

ओखलढुंगा काण्डमा मसँगै बसेका कयौंहरु राम-लक्ष्मण मारिए, मारिइसकेपछि मैले पार्टीमा कुरा उठाएँ । म बनारसमा दुई दिनसम्म खानै नखाइकन बसें । त्यसपछि वीपीलाई गएर भनें-तपाईंको छोराचाहिं पढ्ने, अनि गरीबका छोरालाई चाहिँ मनं पठाउने ? गिरिजाबाबु किन जानुभएन ओखलढुंगा ? सुशील कोइराला त्यहाँ किन गएनन् ? किन पठाउनुभएन उनीहरुलाई ? वीपीले त्यस्तो हुँदैन, बच्चाहरु पढ्छन्, पछि काम गर्छन्, ओखलढुंगाको लडाई असफल भयो, अनि तिमी यस्तो कुरा गर्छौं भन्नुभयो ।

उहाँको जवाफ मलाई चित्त बुझेन । मैले भनें-तपाईंले आफ्ना सन्तानलाई चाहिँ बचाउने, भोलि यिनीहरुलाई शासक बनाउनुहुन्छ भन्ने थाहा छ मलाई । तपाईंले राम-लक्ष्मणहरुलाई मराएर यस्तो घातक काम गर्नु भो, म तपाईंको पाटीमा बस्दिन । त्यहाँ तपाईंको कोही आफन्त मरेको भए म यो कुरा गर्ने थिइन । तपाईंको छोरो (शशांक) भोलि शासक हुन्छन् । शेखर त्यहीं पढ्दैछन्, सुजाता कोलकातामा पढ्दैछिन् । यिनैले भोलि गएर हामीलाई शासन गर्छन् । यस्तो पार्टीमा म किन बस्छु ? मलाई चाहिएन यो पार्टी । त्यसपछि त त्यहाँ कुटाकुटै भयो नि । मलाई हाने । कुटे । मुख छाड्छौ ? भन्दै वीपी आफैले मलाई हाने । मैले किताबमा लेखिदिएको छु । नेपालयले छापैदैछ मेरो त्यो किताब ।

माओत्से तुङ्‌की श्रीमती मारिइन, छोरो पनि मरेको । वीपीचाहिं बनारसमा बसेर जनताका, गरीबका छोराछोरी मराउने ? फेरि त्यो ओखलढुंगा सेनासँग जित्ने ठाउँ थिएन । १४२०० जना मान्छेले सेनाको त्यसो व्यारेकसँग लड्न सक्छ ? सेनासँग लड्ने तागत थियो उनीहरुसँग ? दाहालहरुलाई पठाएर त्यो नचाहिने काम के गरेको ?

राजालाई मलाउन खोजेका बिए, आर्कै भले

वीपीले त्यो प्रेसरको पोलिटिक्स गरेको हो क्या । राजालाई दबाब दिने । मैले गरें भनेर देखाउने अनि राजासित सम्झौता गर्ने । त्यो रहेछ वीपीको रणनीति । तर, यसबाट राजालाई दबाब पनि भएन, राजा प्रेसरमा पनि परेनन् । अनि वीपी आत्मसमर्पण गर्न भारतबाट नेपाल आए । बडो बुद्धिमत्तापूर्ण तरिकाले वीपीले आत्मसमर्पण गरे । र, पाटीलाई बचाए । त्यहां (भारत) मा बसेर त्यसै खबक्क हुनुभन्दा नेपाल जान्छु भनेर राम्रो निर्णय गरे । राम्रो काम गरे । कतिपयले उनलाई दक्षिण भारत गएर बस भनेका थिए । उनी नेपालमा आए । मलाई जेलमा भेट्दा उनले भनेका थिए ।

मैले नेपाली कांग्रेस त्यही ओखलढुंगा काण्डपछि छाडेकै हुँ । म अहिले बाँचेको छु, यसैमा मलाई एकदमै सन्तुष्ट छ । जुन दिन ओखलढुंगामा राम-लक्ष्मण मारिए, त्यसको भोलिपल्टै मैले कांग्रेस छाडेको हुँ । त्यसपछि त म पकाउ परिहलें । प्लेन हाइज्याकिङकी मुद्दामा म जेल परें । त्यो ठूलो अन्तर्राष्ट्रिय मुद्दा हो ।

वीपीलाई दबाब दिन हामीलाई पकाउ गरियो । दबावका लागि हामीलाई बन्धक बनाएको हो पञ्चायतले । म लगायत ५१७ जनालाई पकाउ गरियो । सुशील कोइराला पनि त्यहीबेला पकाउ परे । मनहरी बराल, बिनोद अर्याल, बसन्त भट्टराईलगायत पकाउ पर्ची । र, अन्त्यमा

प्रचण्डले सकेनन्, बाबुरामसँग खाका द्वैन

प्रचण्ड काठमाडौं पहिलोचोटि आउँदा धेरै मान्छेले स्वागत गरेका थिए । राजाको भन्दा ठूलो मास उनको पक्षमा थियो । तर, उनले यो साख बचाउन सकेनन् । उनी चुनाव नलडी सेरेमोनियल भए बस्नुपर्थ्यो । तर, उनमा त 'पावर हङर' रहेछ । उनले केही गर्न सक्दैनन् । बाबुरामले नयाँ शक्तिमा लागी भनेर मलाई बोलाउनुभएको थियो । मैले तपाईंको पार्टीमा लाग्दिन भनें । मैले राजनीति गर्दा पाँइरहेका मान्छे अहिले कांग्रेसमा शासक बनेका छन् । तपाईंहरुकोमा पनि त्यही भयो ।

मैले उहिलाई भनें,तपाईंले अहिले पनि जनताका कुनै इस्यू पकिडनुभएको छैन । किसानमा तपाईंके जनतालाई, मजदुरमा के गर्नुहुन्छ ? के दिनुहुन्छ तपाईंले ? कसरी उत्थान गर्नुहुन्छ ? यसको केही पनि खाका छैन उहिसँग । व्यक्तिगत रुपमा तपाईंहरुभन्दा कम खराब नैता हो । तर, तपाईंसँग स्पष्ट खाका छैन । तपाईंसँग आएका मान्छेहरु आ-आफ्नै स्वार्थले आएका छन् ।

हामी इन्भर्टर किनेर बसेका छौं, बिजुलीको पनि विल तिर्छौं । पानीको विल पनि तिर्छौं, तर पानी किनेर खान्छौं । यो इस्यु त इस्यु हो नि । यो इस्यु उठाउनोस् त, हामी उभिन्छौं । बाबुरामले तपाईं अभिभावक भएर बसिंदिनोस् भन्नुभयो, मैले भनें, म त्यसरी बस्ने मान्छे होइन, मलाई त फ्रन्ट लाइन चाहिन्छ । म त सकिय राजनीति गर्ने मान्छे हुँ । मैले बाबुरामलाई यही भनें ।

मेरो भित्री मन के छ भने कसैले जनताको पक्षमा आवाज उठाएको दिन त्यसको पक्षमा उभिन्छु । तल्लो वर्गको उत्थान गर्नका लागि कसैले साँच्चै नै हात हाल्छ भने म त्यसलाई सहयोग गर्न तयार छु । साँच्चै नै कसैले तल्लो वर्गका लागि काम गछ भने म सकिय भएर लाग्न पनि तयार छु । तर, मेरो मान्यता के छ भने शासक बन्ने हो भने डेमोक्रेटिक विधिबाट बन्नुपर्छ । यसका लागि हुने राजनीतिक मुभमेन्टहरु सभ्य र सुशील हुनुपर्छ । गान्धीले गरेजस्तै जनताको विश्वास जित्ने खालको हुनुपर्छ । गान्धी सुरुमा एक्ली थिए । उनी हरेक गाउँमा जान्थे, जहाँ फोहोर छ, त्यहाँ जान्थे ।

(साभार : अनलाइन खबर)

रेडक्रसको प्राथमिक उपचार प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ चैत्र ।

नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा कास्कीको आयोजना तथा युवा रेडक्रस सर्कल, छोरेपाटन उच्च माविको व्यवस्थापनमा भएको तीनदिने प्राथमिक उपचार प्रशिक्षण मंगलवार सम्पन्न भएको छ ।

चैत्र ७ गते देखि शुरु भएको उक्त तालिममा समुदाय र शैक्षिक संस्थाका गरि जम्मा २४ जना प्रशिक्षार्थी सहभागि रहेको थियो ।

प्राथमिक उपचार र जिवन रक्षा भन्ने मूल उद्धोपकका साथ विपदको समयमा गहत तथा उद्धारको कार्यमा आवश्यक पर्ने सिप प्रदान गर्ने अभिप्रायले उक्त तालिम आयोजना गरिएको हो ।

प्रशिक्षण तालिमको समापन समारोहमा बोर्दै छोरेपाटन उच्च माबि व्यवस्थापन समितिका अध्यक्ष टिकाराम पौडेलले रेडक्रसको प्राथमिक उपचार विपदमा जिवन रक्षा र सेवासँग जोडिएको हुँदा आफ्नो सिकेका सिपहरुलाई व्यवहारमा उतार्न प्रशिक्षार्थीसँग आग्रह गरे कार्यक्रममा युवा समिति कास्कीका अध्यक्ष डिल्लीराम बराल, गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेल, वेल्जवम रेडक्रसका युवा प्रतिनिधि इमा अक्टपी र योनस किन्टे, जुनियर तथा युवा संयोजक राजेश कुमार घिमिरे, विद्यालयका सहायक प्राचार्यद्वय वद्रीनाथ पहारी र डिल्लीराम शर्मा, युवा रेडकस छोरेपाटनका अध्यक्ष चुडाबहादुर पोखेल, सहभागिका तर्फबाट हेमा रेग्मी र सुजन पौडेल लगायतकाले मन्तव्य व्यक्त गरेका थिए । तालिममा प्रशिक्षकहरु राजेश कुमार घिमिरे, मिना सुवेदी, सुर्य प्रसाद तिमिल्सीना (पाल्वा) र डिल्लीराम बरालले सहजिकरण गरेका थिए । समापन कार्यक्रमको सभापतित्व युवा रेडकस सर्कलका संरक्षक एवम विद्यालयका प्राचार्य लक्ष्मण थापाले गरेका थिए ।

अनेक समस्या सफल उपचार
उद्यादिक: खाना रुचि नहुने, अग्निलो पानी आउने, झाडापिला हुकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।
थोल रक्षारुपा: सिङ्ग रक्षतल, उपेजला सहने, सिङ्ग पिलाउने, स्वज्ज दोष जस्तो सुकै थील समस्याको सफल उपचार
महिला सम्बन्धि समस्या
महिनावारी सहदाही, सेतोपानी बग्ने, योनी पिलाउने, तल्ली पेट दाइ कमर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्वज्ज बढाउने तथा घटाउने तथा दाहिने मर्ने, थील घाउनामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्तिबाट सफल उपचार ।
जोड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो छायी पोतो, डण्डिफोर, डाल धब्बा, मसिना फोटी, घाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, डम साथै प्राथ, दाह कम्मर, हाड जोरी पुरै शरिर ढ्-खाई ठिक पार्ने मलाइ तेल ।
शितल आयुर्वेद फर्मा
फार्मेसीहरु: पोखरा, मुरलिचोक विकास बैंकको अगाडि पोखरा ट्रयेकट्रीकिल भवन भित्र
फोन नं.०६१-५३५९६७, ०६-१२२८४४८, मो. ९८४६९३७४९८
फ्री होम डेलिभरि

वाया, पोतो र डण्डिफोर Bye Bye
वाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाउने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
साबमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, जमाउँ Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा मै ५-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
Skin Test गरिन्छ ।
पिनासकला लागि सफल उपचार ।
न्यारुटिक उपचार
Breast घटाउने बढाउने...घटना भएको सेतो धर्सा हटाउने ।
बाहिं नदिइ जाड, रन्कीला साथै घुरोट, सुस्ती, केही दिनमा नै घटाउने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्यूटी ट्रेन्डर्स
घिरुलेढुङ्गा, पोखरा-४, फोन: ९८४६५५४७८८, ०६१-५२७४५४
(माथि इण्डियनको अगाडि हो कलेजका नाम्रो हुई घर तल)

पिससिटी लायन्सद्वारा विद्यालयमा पुस्तकालय स्थापना

गोल्डेन न्युज संवाददाता
पोखरा ९ चैत्र ।

तनहुँ जिल्ला अरुणोदय गाविस ५ टर्केभञ्ज्याङ स्थित श्री बाल विकास निमाविमा लायन्स क्लब अफ पोखरा पिस सिटीले पुस्तकालय स्थापना गरेको छ। पुस्तकालयको सोमबार विशेष कार्यक्रम गरी उद्घाटन गरिएको छ। लायन्स डिष्ट्रिक्ट ३२५ वी १ नेपाल अन्तर्गतको नेपाल लायन्स फाउण्डेशन र लायन्स क्लब अफ पोखरा पिस सिटीको आर्थिक सहयोगमा ग्रामीण भेगका सामुदायिक विद्यालयमा सुविधा सम्पन्न स्तरीय पुस्तकालयको स्थापना गर्ने उद्देश्य अनुरुप पुस्तकालय स्थापना गरेको हो। पुस्तकालयका लागि करिब २ लाख रुपैयाँ बराबरको शैक्षिक एवं भौतिक सामाग्री प्रदान गरिएको छ। पुस्तकालयको उद्घाटन गर्दै

डिष्ट्रिक्ट गर्भनर धुव बहादुर थापाले पुस्तकालय स्थापना गर्नु मात्र ठुलो कार्य नभई यसको सदुपयोग महत्वपूर्ण भएको बताए।

गर्भनर थापाले लायन्सले कम अवसर प्राप्त जनमानसमा आवश्यकताको पहिचान गरि जहाँ जे जस्तो आवश्यकता पछ्र तत्कालै उक्त सेवा उपलब्ध गराउने लक्ष्य सहितको यस वर्षको नारा सार्थक बनाउन पिस सिटी सफल रहेको बताए। उनले लायन्सले गर्ने मानवीय सेवामा कहि न कहि फरकपन महसुस गराई गरिने गुरुगाम्भिर्यपुर्ण कार्य अन्तर्गत दुरदराजमा रहेका सर्वसाधारण जनताका घर आँगनमा सञ्चालित सामुदायिक विद्यालयमा स्तरीय सुविधा सम्पन्न पुस्तकालय सञ्चालन गरि समाजको चेतनाको स्तरलाई उकास्न सहयोग पुर्ने स्पष्ट पारे। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वर सिं थापा, विद्यालयका प्रअ रामजी सिग्देल, छिमेकी विद्यालय वृद्धि विकास प्राविका सह-प्रअ पार्वती सिग्देलले लायन्सले विद्यालयहरुमा स्तरीय पुस्तकालय सञ्चालन गरेर समग्र समाजप्रति अतुलनीय कार्य गरेको बताएका थिए। उनीहरुले पुस्तकालयको उचित व्यवस्थापन गरि आकर्षक पुस्तकालय विस्तारमा लाग्ने बताएका थिए।

लायन्स क्लब अफ पोखरा पिस सिटीका अध्यक्ष टंकराज अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा रिजन चेयरपर्सन छबीलाल शर्मा, क्लबका संस्थापक अध्यक्ष सुदीपराज हुंगाना, पूर्व अध्यक्ष प्रशान्तराज धमला, कोषाध्यक्ष हरिराम पराजुली, सह-कोषाध्यक्ष एवं कार्यक्रम संयोजक अर्जुन सिम्लेल लगायतले आ-आफ्नो भनाई राखेका थिए।

यातायात मजदुर संघमा धादिङका सिंखडा

पोखरा ९ चैत्र ।(गोल्डेन)

